# नारी

नारी अबला होइन,
बला अतिबला हुँदै,
अब महाबला बन्नुपर्छ ।
बछेन्द्री,इन्दिरा,प्रतिभा,
फेरि बन्नुपर्छ नारी ।
लक्ष्मी र सरस्वतीको महिमा
आफै जगाउनु पर्छ नारी ।
रोएर , गुहारेर होइन अधिकार
खोसेर लिन उठ्नु पर्छ नारी ।
हामी कसैका
आमा दिदी बहिनी भाउजु मात्र होईनौं,
काकी र माईजु मात्र पनि होइनौं,
घर चलाउने गृहिणी मात्र होइनौं,
अब हामी देश चलाउने शक्ति बन्नुपर्छ ।
मातृभूमिको धड्कन बन्नुपर्छ।